# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/१९ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला समन्वय समिति सप्तरीका नायव सुब्बा युगेश्वर यादवले माहुली खोला पुल निर्माणको फरफारक भएपछि धरौटी फुकुवाको चेक निकाशा गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग कुल धरौटीको पाँच प्रतिशत रकम घुसबापत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.१,३५,०००/- (एक लाख पैंतीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं.६ स्थित निजकै कार्यालय परिषरबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता